# १. प्रादेशिक छात्रवृत्ति- २०२५ (Provincial Scholarship) सम्बन्धी जानकारी

**सिट संख्या :** जम्मा ७ वटा (प्रत्येक प्रदेशबाट एकजनाले कार्यक्रम नदोहोरिने गरी अधिकतम ७ जनालाई)

**<u>न्यूनतम योग्यता:</u>**

- प्रादेशिक छात्रवृत्ति प्रवेश परीक्षामा सामेल भई योग्यताक्रम सूची (Merit List) मा आउने विद्यार्थीहरूलाई कलेजको नियमअनुसार छात्रवृत्ति उपलब्ध गराइने।
- कक्षा ६ देखि १० सम्म (पोखरा विश्वविद्यालयको नियम अनुसार) सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिइने।
- कक्षा ६ देखि १० सम्म सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका बाहेकका कम्तीमा कक्षा ९ र १० सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूको सन्दर्भमा माथि उल्लेखित प्राथमिकता पाउने विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिसकेपश्चात् छात्रवृत्ति सिटहरू रिक्त रहेको अवस्थामा मात्र त्यस्ता विद्यार्थीहरूलाई योग्यताक्रम (Merit List) अनुसार छात्रवृत्ति प्रदान गरिने।
- कुनै प्रदेशबाट सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेका योग्य विद्यार्थीहरू नआएमा निजी/संस्थागत विद्यालयका विद्यार्थीहरूलाई पनि Merit List अनुसार ग्राह्यता दिइनेछ। (*nec* नियमअनुसार)

**<u>छनोट प्रक्रिया:</u>**

- प्रत्येक प्रदेशबाट प्रवेश परीक्षामा उच्च अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ती वितरण गर्नका लागि छनौट गरिनेछ साथै योग्यताक्रम अनुसार दुई जना सम्म waiting list मा विद्यार्थीहरूको नाम राखिनेछन्।

**<u>कार्यक्रम छनौटको व्यवस्था:</u>**

- ७ वटै प्रदेशमध्येबाट उच्चतम अंक ल्याई प्रथम स्थान हासिल गर्ने विद्यार्थीले आफ्नो प्रथम रोजाइको कार्यक्रममा भर्ना हुनको लागि छात्रवृत्ति प्राप्त गर्नेछ।
- बाँकी प्रदेशहरूबाट उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरूले योग्यताक्रम बमोजिम नदोहोरिने गरी बाँकी उपलब्ध कार्यक्रमहरू छनौट गर्न पाउनेछन्।

**<u>छात्रवृत्तिको किसिम:</u>**

- पूर्ण छात्रवृत्ति।
- Pokhara University, Engineering Council, Survey Camp शुल्कहरू र Security Deposit लागु हुनेछन्।

## २. Community Scheme सम्बन्धी जानकारी (२०२५)

**<u>सिट संख्या:</u>**

**(BE Civil-12, BE Computer-8, BE Electrical & Electronics-2, BE Information and Communication-2, BE Civil and Rural-2, BE Civil for Diploma Holders-2, B.Architecture-4)**

- विभिन्न कार्यक्रमहरूमा कूल ३२ वटा सिटमा आंशिक छात्रवृत्ति।

**<u>योग्यता:</u>**

- प्रादेशिक छात्रवृत्ति प्रवेश परीक्षा-2025 मा उत्तीर्ण हुनुपर्ने। (*nec* नियमानुसार)।
- +2 वा समकक्ष सरकारी/सामाजिक शैक्षिक संस्थाबाट उत्तीर्ण हुनुपर्ने।
- कक्षा ६-१० सरकारी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई प्राथमिकता (PU नियम अनुसार)।
- +2 मा पूर्ण छात्रवृत्ति (सरकारी स्तरको) पाएका विद्यार्थीहरूले पनि आवेदन दिन सकिने।

**<u>छनोट प्रक्रिया:</u>**

- प्रवेश परीक्षाको नतिजा प्रकाशन भएपछि योग्यताक्रम सूचीमा समावेश भएका विद्यार्थीहरूलाई कलेजको नियमअनुसार Community Scheme बमोजिम आंशिक छात्रवृत्ति वितरण गरिनेछ।

**नोट:**

- सबै प्रक्रिया *nec* नियमअनुसार।
- विस्तृत जानकारी कलेजको Website मा राखिएको Fee Structure-2025 बाट प्राप्त गर्न सकिनेछ जसमा Pokhara University, Engineering Council, Survey Camp शुल्कहरू र Security Deposit लागु हुनेछन्।

## प्रादेशिक छात्रवृत्ति र Community Scheme का लागि चाहिने कागजातहरू

१. सम्बन्धित विद्यालयबाट सार्वजनिक/सामुदायिक विद्यालयमा अध्ययन गरेको सिफारिस पत्र ।

२. स्थानीय निकायबाट आफू कुन प्रदेशको वासिन्दा हो त्यसको सिफारिस पत्र ।

**(सिफारिस पत्रको ढाचाँ www. nec.edu.np/necentrance मा प्राप्त गर्न सकिनेछ ।)**